दुहुँ गाउँपालिका

दुहुँ राजपत्र

खण्ड -२ संख्या -१० मितिः २०७५।०८।१५

**भाग - २**

| | |
|---|---|
| सभाबाट स्वीकृत मिति | २०७५।०८।०८ |

# साझा सुपथ मुल्य पसल संचालन निर्देशिका दुहु गाउँपालिका दार्चुला गाउ पालिका र पव्लिक पार्टनरशिप

## १ पृष्टभुमि

सुपथ मुल्य पसलको माध्यमबाट स्थानिय तह भित्रका गरिब, पछाडि परेका, दलित तथा आम जनसमुदायलाई सरल तथा सहज वातावरणमा दैनिक उपभोग्य बस्तु सस्तो मूल्यमा उपलब्ध गराई सामाजिक न्याय स्थापना गर्नको लागि एक सुपथ मुल्य पसल स्थापना गरी संचालन गर्न

आवश्यक भएकोले, स्थानिय सरकार संचालन ऐनले दिएको अधिकार प्रयोग गरी **साझा सुपथ मुल्य पसल संचालन** गाउपालिका र निजि क्षेत्रको संस्थापनाको लागि मिति २०७५।०८।०८ मा बसेको कार्यपालिकाको निर्णय वमोजिम संचालनमा ल्याईएको छ ।

**२ कार्यक्षेत्र** : यस संस्थाको कार्यक्षेत्र दुहुँ गाउँपालिका भित्र मात्र सीमित रहनेछ ।

**३ उद्देश्य :**

जनसमुदायको आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासका लागि सहकारी पसलका देहायमा उल्लेख भए बमोजिमको उद्देश्यहरु हुनेछन् :

1= कार्यक्षेत्रभित्र उपभोग्य वस्तुहरु सरल तरिकाले उपलव्ध गराउन संस्थागत प्रवन्ध मिलाउन जोड दिने ।

2= जनस्तरमा स्वावलम्वनको ज्ञान, पारस्परिक सहयोग र मितव्ययिताको भावना जागृत गराई उनीहरुको जीवनस्तर सुधारमा जोड दिने ।

3= स्थानिय स्तरमा उपलव्ध हुने खाद्यवस्तुहरको पारस्परिक व्यापारिक सम्वन्ध कायम गर्ने ।

4= स्थानिय स्तरमा पाईने तर लोपोन्मुख खाद्य वस्तुहरको जगेर्ना गर्ने तथा वजारिकरणमा सहयोग गर्ने ।

**४ कार्यहरु :** सुपथ मुल्य पसलले विनियमको दफा ७ वमोजिमका उद्देश्यहरु प्राप्त गर्न निम्न कार्यहरु गर्नेछ ।

1= उपभोग्य वस्तुको कारोवार

(क) दाल, चामल, चिनी,नुन,तेल,गहुँ,अन्य वालीहरु,दाल वालीहरु,मसलाहरु( वेसार,टिमुर,खुर्सानी,धनिया,लसुन अन्य स्थानिय स्तरमा पाईने र उत्पादन हुने),आलु लगायतका दैनिक उपभोग्य बस्तुहरु, वेच विखन गर्ने ।

(ख) स-साना कृषि यान्त्रिक उपकरण र तीनका पार्टपूर्जा,

(ग) मलखाद तथा विउ विजन,

(घ) सार्वजनिक संस्थान वा सरकारी कार्यालयले बेच बिखनका लागि उपलब्ध गराएका अन्य बस्तु तथा सेवाहरु,

(च) चिकित्सकीय प्रेप्कीप्सन आवश्यक नपर्ने औषधीहरु, घरायसी सरसफाई सामाग्रीहरु,

(छ) शैक्षिक सामाग्रीहरु,

ज) घरायसि रुपमा प्रयोग हुने खाद्य परिकार पकाउन प्रयोग हुने ईन्धन - गेस, मट्टितेल जस्ता आवश्यकिय वस्तु ।

(झ) आपसि समझदारिमा आवश्यक सम्झेको अन्य बस्तु वा सेवाको कारोवारहरु ।

यस्ता बस्तु र सेवाहरु विनियममा स्पष्ट किटिएको हुनु पर्नेछ ।

**द्रष्टव्य : उपभोग्य वस्तुको कारोवार गर्दा आफ्नो गाउँपालिका भित्रका समुदायहरुलाई प्राथमिकता दिने छ र समुदायको उत्पादन लाई खरिद गरी विक्रि गर्न सक्ने छ ।**

**५ सामाजिक कार्य तथा वचत परिचालन**

(क) नियमित तथा कार्य क्षेत्र भित्रका सदस्यहरुबाट वचत निक्षेप संकलन गरी परिचालन गर्न सक्ने छ ।

(ख) संकलित वचत उपभोग्य पसल सञ्चालन तथा सामुदायिक हित हुने कार्यमा लगानी गर्न सक्ने छ ।

**६ सामाजिक हित र चेतनामूलक कार्य**

(क) **सुपथ मुल्य पसलले समुदायमा** चेतना जगाउने ।

(ख) आप्नो कार्यक्षेत्रभित्र सामाजिक हीत हुने कार्यहरु गर्ने ।

(ग) सदस्यहरुको व्यवस्थापकीय क्षमता विकासको लागि तालिम कार्यक्रम संचालन गर्ने ।

(घ) सदस्यहरुको दैनिक जीवनका विविध क्षेत्रमा संस्थागत सहयोग पुऱ्याउने खालका सेवामूलक कार्यक्रमहरु सञ्चालन गर्न जनचेतना अभिवृद्धि गर्ने ।

माथि उल्लेखित कार्य गर्न प्रचलित कानून बमोजिम अन्य कुनै निकायबाट स्वीकृति लिनुपर्ने वा सम्झौता गर्नु पर्ने भएमा सो गरी सम्बन्धित गाउँपालिका कार्यालयलाई जानकारी गराए पछि मात्र कार्य संचालन गरिनेछ ।

**७ उपभोक्ताको दायित्व :**

(१) उपभोक्ताको दायित्व दैनिक आवश्यक सामाग्री खरिद विक्र सम्म मात्र सीमित रहनेछ ।

(२) यस विनियमको पालना गर्नु सम्पूर्ण सदस्यहरुको दायित्व हुनेछ ।

**८ उपभोक्ताहरुको अभिलेख व्यवस्थापन :**

१) सुपथ मुल्य संचालकले उपभोक्तहरुको दर्ता किताब अनुसूची-१ बमोजिमका कुराहरु उल्लेख हुने गरी खडा गर्नेछ । उपभोक्ताहरुको स्थायी ठेगाना, पेशा व्यवसाय, सम्पर्क फोन नम्बर, कारोवारको विवरण अभिलेख अध्यावधिक गरी राख्नेछ । कार्यक्षेत्र बाहिर बसोबास गर्ने र अनधिकृत व्यक्तिलाई सदस्यता नदिने तर्फ सतर्क रही संस्थाको ख्याती बढाउने प्रयासे गर्नेछ ।

२) गाउ पालिकाले आफ्नो जनसमुदायको आवश्यकता वमोजिम सम्पन्नता स्तरिकरण गरि दलित, जनजाति ,पछाडि परेको समुदाय, एकल महिला तथा अति गरिव घरधुरिकालागि मुनासिव सम्झीन गएमा आवश्यकिय सामाग्रीहरुमा सहुलियत दर कायम गर्न त्यस्तो तथ्याकं व्यवस्थापन गर्ने छ ।

**९ संचालकको व्यवस्था :**

(१) गाउपालिकाले तयार गरेको सुपथ मुल्य संचालन कार्य विधि अनुरुप रहि काम गर्न तयार व्यक्ति वा उपभोक्ता सहकारी संस्था ।

२) गाउ पालिकाले तोकेको आर्थिक व्यह भार पुरा गर्न ईच्छुक तथा पुजिको सुनिश्चितता गर्न सक्ने व्यक्ति ।

४ ) पसल संचालन गरिने ठाउको स्थानिय वासी लाई प्रथमिकता दिईने ।

(३) राजनितिक पार्टिको सक्रिय कार्यकर्ता तथा सार्वजनिक पदधारण नगरेको ।

(४) कुनै सरकारी तथा गैर सरकारी संस्था मार्फत अनुदान पाप्त नगरेको व्यक्ति ।

(५) सामाजिक सम्वन्ध तथा समुदायले विश्वास गरेको व्यक्ति ।

(६) कुनैपनि खालका फौजदारि मुदामा संलग्न नभएको ।

७ सुपथ मुल्य पसल संचालनको लागि विधिवत र्दता भएको उपभोक्ता सहकारी संस्था लाइ पहिलो प्राथमिकता दिइने छ ।

**१० अनुगमन तथा लेखा समिति :**

१) गाउपालिकाको निर्णायनुसार गाउपालिका का अध्यक्ष तथा जिनले तोकेको व्यक्तिको संयोजकत्वमा तिन सदस्यिय समति गठन गरिने छ ।

२) समितिले प्रत्येक महिना आर्थिक कारोवारको लेखा जोखा गरि प्रतिवेदन पेश गर्ने छ ।

३) सुपथ मुल्य पसल संचालकलाई आवश्यक सहयोग गर्ने छ ।

**१० वित्तीय व्यवस्थाः**

**कोषको व्यवस्था :**

(१) सुपथ मुल्य पसल संचालनकालागि एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहायका रकमहरु रहनेछन् :

(क) गाउँपालिका वाट आर्जन गरेका सवै किसिमका आम्दानी

(ख) संचालक वा सहकारीको लगानी ।

ग) नेपाल सरकार वा गैरसरकारी संघ संस्थाबाट प्राप्त अनुदान रकम,

(ग) विदेशी सरकार वा अन्तराष्ट्रिय दातृ संघ संस्थावाट प्राप्त अनुदानको रकम,

**खाता संचालन :** सुपथ मुल्य पसल संचालन कोष खाता गाउँपालिकाको लेखा प्रमुख वा निजले तोकेको कर्मचारी र सुपथ मुल्य पसल संचालक व्याक्ती वा संस्था प्रमुखको सयुक्त हस्ताक्षरबाट गरिने छ ।

**जगेडा कोष :**

जगेडा कोषमा देहाय वमोजिमको रकम रहनेछः-

(क) प्रत्येक आर्थिक वर्षमा कारोवारको हिसाव जांच भएपछि खुद वचतको कम्तीमा ४० प्रतिशत रकम,

(ख) अन्य कुनै प्रकारले यस कोषमा जाने रकम ।

**खुद वचतको वाँडफाँड :**

(१) बचतको बाडफाड गाउँपालिका र सुपथ मुल्य पसल संचालक व्याक्ती वा संस्था विच भएको सम्झौता अनुसार हुनेछ ।

**११ व्याख्या गर्ने अधिकारः**

सुपथमुल्य पसर संचालक र गाउपालिका तथा स्थानिय उपभोक्ता विच कुनै असमझदारि सृजनाहुन आएमा आपसि मेल मिलापमा समाधान गरिने छ र कुनैकुरामा चित्त नवुझेमा गाउपालिका स्थित न्यायिक समितिमा पेश हुने छ ।

**१२ सेवा शूल्क  तथा दरभाउ निर्धारण**

गाउ कार्यपालिका ले सुपथ मूल्य पसलवाट प्रभाव हुने सम्पुर्ण सेवा तथा वस्तुको मुल्य निर्धारण वजार सर्भेक्षणका आधारमा लगानि भएको रकममा निश्चित मुनाफा निर्धारण गरि समय सापेक्ष दरभाव कायम गर्ने छ । साथ संचालकको सेवा शुल्क आपसि समझदारिमा कायम गरिने छ ।

१३. सुपथ मुल्य पसल संचालनको समय गाउँपालिकाले तोके बमोजिम हुनेछ ।

१४. पसल संचालकले गाउँपालिकाले तोके बमोजिमको दैनिक विकी खाता राख्नु पर्नेछ ।

आज्ञाले,

शिवराज भट्ट

निमित्त प्रमुख प्रशासकीय अधिकृत